अपिहिमाल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ०८ संख्या : ०५ मिति : २०८१/१०/१५

**भाग - २**

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**अपिहिमाल गाउँपालिकाको विद्यालय भान्छाकोठा निर्माण, मर्मत तथा सुधार कार्यविधि, २०८१**

<u>गाउँ कार्यपालिकाबाट स्वीकृत मिति</u>

**२०८१।१०।११**

अपिहिमाल गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा ४९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "अपिहिमाल गाउँपालिकाको विद्यालय भान्छाकोठा निर्माण, मर्मत तथा सुधार कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “गाउँपालिका” भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ।

(ख) “सभा” भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

(ग) “कार्यपालिका” भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ङ) “उपाध्यक्ष” भन्नाले अपिहिमाल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(च) “कार्यालय” भन्नाले अपिहिमाल गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा कार्यालय समेतलाई जनाउदछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ज) “विद्यालय” भन्नाले अपिहिमाल गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्दछ।

(झ) “शाखा” भन्नाले कार्यपालिकाको कार्यालयको शिक्षा, यूवा तथा खेलकूद शाखा सम्झनु पर्दछ।

(ञ) “व्यवस्थापन समिति” भन्नाले गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयको व्यवस्थापनको लागि गठन भएका विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

(ट) “साझेदार संस्था” भन्नाले विद्यालयको दिवा खाजा वा विद्यालय भान्छाकोठाको निर्माण वा मर्मत वा सुधार कार्यमा गाउँपालिका वा विद्यालयसँग साझेदारी गर्ने सरकारी वा गैह्र सरकारी वा निजी संस्था सम्झनु पर्दछ।

(ठ) “सरोकारवाला” भन्नाले विद्यालयका विद्यार्थी, अभिवाक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्य सम्झनु पर्छ र सो शब्दले शिक्षण सिकाईसँग सम्बन्धित अन्य निकाय वा व्यक्ति वा संस्था समेतलाई जनाउँछ।

(ड) “जिल्ला” भन्नाले दार्चुला जिल्ला सम्झनु पर्दछ।

(ढ) “दररेट” भन्नाले निर्माण कार्य वा मालसमान वा ज्याला वा अन्य सेवा खरिदका लागि सम्बन्धित निकाय वा जिल्ला वा गाउँपालिकाबाट निर्धारण गरिएको दररेटलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## ड्रइङ डिजाइन, लागत अनुमान, खरिद विधि सम्बन्धी व्यवस्था

३. **ड्रइङ डिजाइन स्वीकृति** : (१) विद्यालयको भान्छाकोठा निर्माण गर्नु पूर्व जग्गाको उपलब्धता तथा आकार समेतको आधारमा ड्रइङ डिजाइन तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको ड्रइङ डिजाइन गाउँपालिका र साझेदार संस्थाको आपसी समन्वयमा तयार गरिनेछ।

(३) उपदफा (१) बमोजिमको भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यको लागि तयार गरेको ड्रइङ डिजाइन विद्यालयको प्रधानाध्यापकले स्वीकृत गर्नुपर्नेछ।

(४) विद्यालयमा निर्माण वा मर्मत वा सुधार हुने भान्छाकोठा अपांगमैत्री, बालमैत्री, वातावरणमैत्री, सफा, शान्त, पर्याप्त उज्यालो, खानेपानीको व्यवस्था भएको हुनुपर्नेछ।

(५) उपदफा (३) बमोजिम निर्माण वा मर्मत वा सुधारको कार्य हुने विद्यालय भान्छाकोठाको नमूना ड्रइङ डिजाइन गाउँपालिका वा साझेदार संस्थाबाट उपलब्ध गराउन सकिनेछ ।

४. **<u>लागत अनुमानको तयारी तथा स्वीकृति</u>** : (१) विद्यालय भान्छाकोठाको निर्माण वा मर्मत वा सुधार कार्यको सम्बन्धित निकायबाट स्वीकृत नर्म्स, निर्माण सामग्री, ढुवानी तथा श्रमिक ज्यालाको दररेट वा जिल्ला वा गाउँपालिकाको स्वीकृत दररेटका आधारमा वा सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लागत अनुमान सार्वजनिक खरिद कानून अनुसार स्वीकृत भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लागत अनुमान गाउँपालिका र साझेदार संस्थाको तोकिएको प्राविधिक कर्मचारीको समन्वयमा तयार गरिनेछ ।

(४) उपदफा (१) बमोजिम लागत अनुमान तयार गर्दा स्थानीय निर्माण सामग्रीको प्रयोगलाई प्राथमिकता दिनुपर्नेछ ।

५. **<u>निर्माण वा मर्मत वा सुधार कार्यको विधि</u>** : (१) विद्यालय भान्छाकोठाको निर्माण वा मर्मत वा सुधारको कार्य देहाय बमोजिमको विधिबाट गर्न सकिनेछ ।

(क) बोलपत्र विधिबाट,
(ख) शिलबन्दी दरभाउपत्र विधिबाट,
(ग) सोझै खरिद विधिबाट,
(घ) उपभोक्ता समितिबाट,
(ङ) सामुदायिक संस्थाबाट,
(च) विद्यालय व्यवस्थापन समितिबाट,
(छ) खरिद सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेका अन्य विधिबाट।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम निर्माण वा मर्मत वा सुधारको कार्य गर्न प्रचलित सार्वजनिक खरिद कानूनले निर्धारण गरेका विधि र प्रक्रिया अनुसार गर्नु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम निर्माण वा मर्मत वा सुधारको कार्य गर्न सम्बन्धित वडा कार्यालयबाट उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(४) विद्यालय भान्छाकोठाको निर्माण वा मर्मत वा सुधारको कार्य एक आर्थिक वर्ष भित्र सम्पन्न गर्नुपर्नेछ । एक आर्थिक वर्ष भित्र सम्पन्न नभएमा गाउँपालिका वा साझेदार संस्थाको कुनै दायित्व रहनेछैन ।

(४) उपदफा (१) बमोजिमको विधिको अवलम्बन खरिद सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको विधि र प्रक्रिया बमोजिम गर्नुपर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै लेखिएको भए तापनि विद्यालय भान्छाकोठाको निर्माण वा मर्मत वा सुधारको कार्य उपदफा (१) को खण्ड (च) बमोजिमको विद्यालय व्यवस्थापन समितिबाट गर्न बाधा पर्नेछैन।

६. **<u>निर्माण वा मर्मत वा सुधार कार्यको व्यवस्थापन</u>** : (१) विद्यालयको भान्छाकोठाको निर्माण वा मर्मत वा सुधारको सामग्री वा मालसमान खरिद कार्य सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको विधि र प्रक्रिया बमोजिम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्माण वा मर्मत वा सुधारको कार्य गर्दा छनौट भएका वा जिम्मेवारी पाएको संस्था वा समिति वा व्यक्ति वा फर्म वा कम्पनीसँग सम्झौता गर्नुपर्नेछ ।

७. **<u>स्थानीय निर्माण सामग्रीको प्रयोग गर्न सकिने</u>** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालय भान्छाकोठा निर्माण वा मर्मत वा सुधार गर्न स्थानीय निर्माण सामग्रीको प्रयोग गर्न सकिनेछ।

८. **<u>नापि किताब तयार गर्नु पर्ने</u>** : (१) विद्यालय भान्छाकोठा निर्माण वा मर्मत वा सुधारको कार्य सम्पन्न भएपश्चात सम्बन्धित प्राविधिकले तोकिएको ढाँचामा प्राविधिक नापजाँचको नापि किताब तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको प्राविधिक नापजाँगको नापि किताबमा विद्यालयको प्रधानाध्यापकबाट स्वीकृत हुनुपर्नेछ।

## परिच्छेद-३

## <u>विद्यालय भान्छाकोठाको निर्माण वा मर्मत वा सुधार कार्यमा साझेदारी सम्बन्धी व्यवस्था</u>

९. **<u>साझेदारीमा भान्छाकोठा निर्माण कार्य हुने</u>** : (१) गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्याको आधारमा प्राथमिकता निर्धारण गरी भान्छाकोठाको निर्माण कार्य गरिनेछ।

(२) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्न सरकारी वा गैह्र सरकारी वा निजी संघसंस्था वा व्यक्ति वा फर्मसँग साझेदारी गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम भान्छाकोठाको निर्माण कार्यमा विद्यालयलाई गाउँपालिका वा साझेदार संस्थाले आर्थिक र प्राविधिक सहायता उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको आर्थिक तथा प्राविधिक साझेदारीमा विद्यालयले अनिवार्य साझेदारी गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम विद्यालयले गर्ने साझेदारी निर्माण कार्यको ज्याला वा ढुवानी वा अन्य कार्यमा गर्न बाधा पर्नेछैन ।

(६) उपदफा (२) बमोजिमको साझेदारीमा आर्थिक हिस्सेदारी त्रिपक्षीय सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **<u>सुझाव कार्यान्वयन गर्नुपर्ने</u>** : (१) भान्छाकोठाको निर्माण वा मर्मत वा सुधार कार्यमा देखिएका कमिकमजोरीको सम्बन्धमा प्राविधिक वा अनुगमन गर्ने निकायले दिएको सुझावको निर्माण गर्ने निकायले अनिवार्य रूपमा पालना वा कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएका सुझावको कार्यान्वयन नभएमा त्यस्तो कार्यको भुक्तानी दिइने छैन ।

११. **<u>भान्छाकोठाको मार्मत वा सुधार सम्बन्धी कार्य</u>** : (१) भान्छाकोठाको निर्माण भइसकेका विद्यालयहरूका भान्छाकोठको सम्बन्धित प्राविधिकलाई स्थलगत निरीक्षण गर्न लगाई मौजुदा भान्छाकोठाको मर्मत वा सुधार गर्नु पर्ने देखिएमा मर्मत वा सुधार गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम मर्मत वा सुधार गर्नुपर्ने भएमा सम्बन्धित प्राविधिकले प्रतिवेदन तयार गरी गाउँपालिका र साझेदार संस्था समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनको आधारमा भान्छाकोठाको मर्मत वा सुधार गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको मर्मत वा सुधारको कार्यमा गाउँपालिका र साझेदार संस्थाको आर्थिक वा प्राविधिक वा दुबै सहयोग रहनेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको आर्थिक तथा प्राविधिक साझेदारीमा विद्यालयले अनिवार्य साझेदारी गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम विद्यालयले गर्ने साझेदारी निर्माण कार्यको ज्याला वा ढुवानी वा अन्य कार्यमा गर्न बाधा पर्नेछैन ।

१२. **भान्छाकोठा निर्माणको प्राथमिकता निर्धारण** : विद्यालयको भान्छाकोठा निर्माणको प्राथमिकता वा नक्शांकन वा अन्य विषय कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-४

## निकायगत भूमिका

१३. **गाउँपालिकाको भूमिका** : विद्यालयको भान्छाकोठा निर्माण वा मर्मत वा सुधारका लागि गाउँपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) भान्छाकोठा निर्माण वा मर्मत वा सुधारको प्राथमिकता निर्धारण वा आवश्यकता पहिचान गर्ने,

(ख) विद्यालय भान्छाकोठाको नक्शांकन गर्ने,

(ग) लागत अनुमान, ड्रइङ डिजाइन तयार गर्ने,

(घ) खण्ड (ग) बमोजिम तयार भएका लागत अनुमान, ड्रइङ डिजाइनलाई स्वीकृति दिने,

(ङ) विद्यालयलाई आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउने,

(च) बजेट निकासा, सहजिकरण तथा अनुगमन मूल्यांकन गर्ने,

(छ) साझेदार संस्थासँग साझेदारी तथा समन्वय गर्ने,

(ज) निर्माण वा मर्मत वा सुधार कार्यको स्वीकृति तथा निर्देशन दिने,

(झ) भान्छाकोठाको सरसफाई तथा व्यवस्थापन सम्बन्धमा मापदण्ड निर्धारण गर्ने,

(ञ) तोकिएको मापदण्ड तथा दिइएको निर्देशनको पालना नभएमा कारवाही गर्ने ।

१४. **साझेदार संस्थाको भूमिका** : विद्यालयको भान्छाकोठाको निर्माण वा मर्मत वा सुधारका लागि साझेदार संस्थाको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयको भान्छाकोठा निर्माण वा मर्मत वा सुधारका लागि सम्झौता अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) सम्झौता अनुसारको प्राविधिक सहयोग उपलब्ध गराउने,

(ग) गाउँपालिकासँगको समन्वयमा भान्छाकोठा निर्माण वा मर्मत वा सुधारको लागत अनुमान, ड्रइङ डिजाइन तयार गर्ने,

(घ) भान्छाकोठाको नक्शांकनका लागि गाउँपालिकासँग समन्वय र सहयोग गर्ने,

(ङ) निर्माण वा मर्मत वा सुधार भइरहेको कार्यको गाउँपालिकासँगको समन्वयमा अनुगमन, मूल्यांकन गर्ने ।

१५. **विद्यालय व्यवस्थापन समितिको भूमिका** : विद्यालय भान्छाकोठाको निर्माण वा मर्मत वा सुधारका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) भान्छाकोठाको निर्माण वा मर्मत वा सुधारको कार्य गर्ने वा अन्य निकायबाट निर्माण वा मर्मत वा सुधारको कार्य भएमा रेखदेख गर्ने,

(ख) गाउँपालिका वा साझेदार संस्था वा प्राविधिकबाट निर्माण वा मर्मत वा सुधारको कार्य अनुगमन वा निरीक्षण गर्दा दिइएका सुझावहरूको कार्यान्वयन गर्ने गराउने,

(ग) तोकिए बमोजिमको साझेदारी गर्ने,

(घ) तोकिए बमोजिमको जनश्रमदान, स्थानीय निर्माण सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

(ङ) भान्छाकोठा निर्माण वा मर्मत वा सुधारका कार्य गर्दा खरिद गर्ने मालसमान वा सामग्रीको प्रचलित कानून बमोजिम खरिद कार्य गर्ने,

(च) भान्छाकोठा निर्माण वा मर्मत वा सुधारसँग सम्बन्धी कागजातको अभिलेख तयार गर्ने र सुरक्षित राख्ने,

(छ) भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यको भुक्तानी निकासाका लागि आवश्यक कार्य गर्ने,

(ज) सरोकारवाला निकाय वा संस्थासँग समन्वय गर्ने,

(झ) भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यसँग सम्बन्धी निर्णय गर्ने,

(ञ) भान्छाकोठा निर्माण कार्यको सम्बन्धित निकायसँग सम्झौता गर्ने,

(ट) भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यसँग सम्बन्धित कुनै विवाद भएमा सम्बन्धित निकायसँग समन्वय गरी समाधान गर्ने ।

१६. **विद्यालयको भूमिका** : विद्यालय भान्छाकोठाको निर्माण वा मर्मत वा सुधारका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका, साझेदार संस्था वा सरोकारवाला निकायसँग भान्छाकोठा निर्माण वा मर्मत वा सुधारका लागि समन्वय गर्ने

(ख) सम्बन्धित निकायसँग भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यको सम्झौता गर्ने,

(ग) भान्छाकोठा निर्माण वा मर्मत वा सुधारका लागि तयार गरिएको लागत अनुमान, ड्रइङ डिजाईनको स्वीकृत गर्ने,

(घ) निर्माण वा मर्मत वा सुधार कार्य सम्बन्धमा सरोकारवाला निकाय वा अनुगमन वा सम्बन्धित प्राविधिकले दिएका सुझावहरूको कार्यान्वयन गर्ने,

(ङ) तोकिएको बमोजिमको साझेदारी बेहोर्ने,

(च) भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यमा जनश्रमदान, स्थानीय निर्माण सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

(छ) भान्छाकोठा निर्माण वा मर्मत वा सुधारका कार्य गर्दा खरिद गर्ने मालसमान वा सामग्रीको प्रचलित कानून बमोजिम खरिद कार्य गर्ने,

(ज) भान्छाकोठा निर्माण वा मर्मत वा सुधारसँग सम्बन्धी कागजातको अभिलेख तयार गर्ने र सुरक्षित राख्ने,

(झ) भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यको भुक्तानी निकासाका लागि आवश्यक कार्य गर्ने,

(ञ) भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यसँग सम्बन्धित कुनै विवाद भएमा सम्बन्धित निकायसँग समन्वय गरी समाधान गर्ने ।

## परिच्छेद-५

## पेश्की तथा भुक्तानी प्रक्रिया सम्बन्धी व्यवस्था

१७. **पेश्की रकम माग गर्न सक्ने** : (१) विद्यालयलको भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्य गर्ने निकायले सम्झौता गरे पश्चात पेश्की रकम आवश्यक पर्ने भएमा आर्थिक कार्यविधिसँग सम्बन्धित प्रचलित कानून बमोजिम पेश्की रकमको माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्की रकम माग भएमा भान्छाकोठा निर्माण वा मर्मत वा सुधारको कूल लागत अनुमानको तीस प्रतिशत रकम कार्यालयले वा साझेदार संस्थाले विद्यालय वा निर्माणमा संलग्न निकायलाई पेश्की दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको पेश्की रकम अन्तिम भुक्तानी वा फरफारक गर्दा कटाई बाँकी रकम भुक्तानी दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम दिइएको पेश्की रकमको दुरूपयोग गरेमा प्रचलित कानून बमोजिम त्यसरी दुरूपयोग गर्ने निकायलाई कारवाही गरिनेछ ।

१८. **अन्तिम भुक्तानी सम्बन्धी व्यवस्था** : (१) विद्यालय भान्छाकोठा निर्माण वा मर्मत वा सुधार गर्ने निकायले अन्तिम भुक्तानीका लागि देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ।

(क) भुक्तानी पाउँ भन्ने निवेदन,

(ख) विद्यालयको निर्माण सम्पन्न सिफारिस पत्र र भुक्तानी सिफारिस पत्र

(ग) विद्यालय व्यवस्थापन समितिको निर्माण सम्पन्न भएको र भुक्तानी माग गर्ने निर्णयको प्रतिलिपि,

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ङ) निर्माण वा मर्मत वा सुधार सम्बन्धी भएको सम्झौता,

(च) लागत अनुमान,

(छ) प्राविधिक मूल्यांकन, नापि किताब,

(ज) भान्छा निर्माणसँग सम्बन्धित बिल, भरपाई,

(झ) गाउँपालिका र साझेदार संस्थाको अनुगमन प्रतिवेदन,

(ञ) प्रमाणित डोर हाजिरी

(ट) भान्छा निर्माण वा मर्मत वा सुधारसँग सम्बन्धित फोटो,

(ठ) शाखाको सिफारिस,

(ड) कार्य सम्पन्न प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिमका कागजातमा विद्यालयको छाप अनिवार्य लगाउनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ज) बमोजिम बिल पेश गर्दा मूल्य अभिवृद्धि कर लाग्ने सामग्रीको मूल्य अभिवृद्धि कर बिजक पेश गर्नुपर्नेछ । मूल्य अभिवृद्ध कर विजक पेश गर्न नसकेमा बिजकमा उल्लेखित रकममा नियमानुसारको मूल्य अभिवृद्धि कर र अग्रिम आय कर कट्टी गरिनेछ ।

(४) यस दफा बमोजिम दिइने भुक्तानीमा नियमानुसार कर कट्टी गरिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि गाउँपालिका र साझेदार संस्थाले आफ्नो हिस्साको रकम छुट्टाछुट्टै भुक्तानी दिन बाधा पर्नेछैन ।

(६) विद्यालयको भान्छाकोठा निर्माण वा मर्मत वा सुधारको भुक्तानी दिंदा विद्यालयको बैंक खाता मार्फत दिइनेछ ।

## परिच्छेद-६
## विविध

१९. **अनुगमन सम्बन्धी व्यवस्था** : विद्यालयको भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यको गाउँपालिकाको अनुगमन समिति र साझेदार संस्थाबाट समय समयमा अनुगमन गरिनेछ ।

२०. **असुल उपर गरिने** : यस कार्यविधि विपरीत हुने गरी कार्य गरेको ठहरेमा त्यस्तो भुक्तानी लिने विद्यालय वा निर्माणमा संलग्न संस्था वा फर्म वा कम्पनी वा व्यक्तिले ठहर भए बराबरको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

२१. **प्रतिवेदन पेश गर्नु पर्ने** : विद्यालयले भान्छाकोठा निर्माण वा मर्मत वा सुधार कार्यको भुक्तानी निकासा लिंदा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२२. **विद्यालय भान्छाकोठाको न्यूनतम मापदण्ड** : विद्यालय भान्छाकोठाका न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछन ।

(क) सुधारिएको चुलो वा ग्याँस र ग्याँस चुलो हुनुपर्ने,
(ख) नजिकै पानीको व्यवस्थापन भएको हुनुपर्ने
(ग) खाद्य सामग्री भण्डारणको उपयुक्त व्यवस्थापन भएको हुनु पर्ने,
(घ) तयार गरिएको दिवा खाजा राख्नको लागि टेवल र खाजा खाने सहज हुने स्थान वा कोठा भएको हुनु पर्ने,
(ङ) बालमैत्री, अपांगमैत्री, वातावरणमैत्री, लैंगिकमैत्री संरचना हुनु पर्ने।

२३. **संशोधन तथा बाधा अडकाउ फुकाउ** : (१) यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिको उद्देश्य कार्यानन्वयन गर्न कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउ आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

२४. **यस कार्यविधि बमोजिम हुने** : (१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा संविधान, संघीय कानून, प्रदेश कानून र गाउँपालिकाको अन्य ऐन सँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर वा खारेजी हुनेछ ।

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँपालिका